वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४
वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखा

प.सं. ०७९/०५०
च.नं. ६४८

मिति २०७९/०४/२५

श्री वडा अध्यक्ष
वडा नं. १ देख ३२ सम्म

विषय - तालिममा सहभागि हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवम् अन्तराष्ट्रिय आप्रवसन संगठन (IOM-UN Migration) को सहयोगमा सञ्चालन हुने *"विपद् जोखिम व्यवस्थापन तालिम"* मा निम्न लिखित मिति, स्थान र समयमा उपस्थिति भई सहभागि भई दिन हुन अनुरोध छ । साथै कार्यक्रम तालिका यसै पत्र साथ संलग्न राखी पठाइएको छ ।

कार्यक्रम

स्थान - वीरगंज महानगरपालिकाको वोर्ड हल
मिति - २०७९/०४/२९ र ३० गते
समय - ८:३०

२०७९/४/२५
(लक्ष्मी प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

पहिलो दिन		
सत्र र अवधि	उद्देश्य	सत्रको सहजकर्ता
८:४५-९:१५	सहभागिहरुको आगमन तथा नाम दर्ता	कार्यान्वयन साझेदार
९:१५-९:३०	उद्घाटन सत्र :स्वागत तथा कार्यक्रमको उद्देश्य बारेमा जानकारी उद्घाटन सत्रको लागि मन्तव्य तथा सत्र बिसर्जन	कार्यान्वयन साझेदार मेयर/उपमेयर, अध्यक्ष/उपाध्यक्ष ..नगरपालिका/..गाउँपालिका
९:३०-९:४५	तालिम पूर्व मूल्याङ्कन प्रश्नावली	सहभागी
९:४५-११:१५	**सत्र १: विपद् जोखिमहरूबारे बुझाई, विपद् जोखिम सम्बन्धी नेपाल सरकारका नीतिहरू र प्राथमिकताहरू** **सिकाईका उद्देश्यहरू :** (१) विपद् जोखिम र विपद् जोखिम व्यवस्थापन सम्बन्धी नेपाल सरकारको नीति र प्राथमिकताहरूको बुझाई (२) प्रकोप, सम्मुखता, जोखिम, संकटासन्नता र नेपालमा विपद् बारे बुझाई (३) सभागिहरूलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धित शब्दावली र विपद् जोखिम व्यवस्थापन चक्रबारे परिचित गराउने (४) नेपाल सरकारका विपद् जोखिम व्यवस्थापन सँग सम्बन्धि नीति र प्राथमिकतालाई सहभागिहरूमाझ परिचित गराउने	सहजकर्ता
११:१५-११:३०	चियाको समय	
११:३०-१२:१५	**सत्र २: नेपालमा विपद् जोखिम सुशासन (संस्थागत र कानुनी प्रावधानहरू)** **सिकाईका उद्देश्यहरू :** १) सहभागिहरूलाई सरकारको विपद् जोखिम व्यवस्थापन सम्बन्धि ऐन, नियमहरू, नीतिहरू बारे परिचित गराउनका साथै यस सम्बन्धि केन्द्र देखि स्थानीय तह सम्मका संरचनाहरूका काम र कर्तव्यहरू परिचित गराउने (२) पालिकाका नेतृत्ववर्ग र कर्मचारीहरूलाई स्थानीय सरकारहरूको विपद् जोखिम न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धि काम र कर्तव्यहरूसँग परिचित गराउने	सहजकर्ता
१२:१५-१:००	**सत्र ३: स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन सुशासन - स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन** **सिकाईको उद्देश्य:** पालिकाका नेतृत्ववर्ग र अन्य कर्मचारीहरूलाई स्थानीय विपद् जोखिम व्यवस्थापन सम्बन्धी ऐनको तर्जुमा, अनुमोदन र कार्यान्वयन सम्बन्धमा परीचीत गराउने	सहजकर्ता
१:००-१:४५	खानाको समय	

CamScanner

१:४५-२:३०	सत्र ४: स्थानीय विपद् जोखिम व्यवस्थापन समितिको काम र कर्तव्यहरू सिकाइका उद्देश्य : पालिकाका जन प्रतिनिधिहरू र कर्मचारीहरूलाई स्थानीय विपद जोखिम व्यवस्थापन समितिका कार्यहरूसँग परीचीत गराउने र समितिलाई पूर्ण परिचालन गर्ने समय सिमा तय गर्न सहमति गराउने	सहजकर्ता
२:३०-३:१५	सत्र ५: स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन कोष सञ्चालन कार्यविधि सिकाईको उद्देश्य : विपद प्रभावित समूहहरू र व्यक्तिहरूलाई वित्तिय सहयोग गर्नेबारेमा नेपाल सरकारको चालु प्रावधानहरूबारे, पालिकाका जन प्रतिनिधि र कर्मचारीहरूलाई जानकारी गराउने र आपतकालिन कोष खडा गरी कार्यसञ्चालन गर्ने कार्यविधिहरूको बारेमा समेत सहभागिहरूलाई अवगत गराउन	सहजकर्ता
३:१५-४:१५	सत्र ६: विपद् लेखाजोखा मार्गदर्शन सिकाईको उद्देश्य: पालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई विपद् आवस्यकता लेखाजोखा औजारहरू प्रयोग गरी राहत र प्रतिकार्यमा सन्दर्भमा उक्त तथ्यांक प्रयोग बारे परीचीत गराउने ।	सहजकर्ता
४:१५-४:३०	चियाको समय	
४:३०-५:००	सत्र ७: आपतकालीन कार्यसञ्चालन केन्द्रको प्रावधान सिकाइको उद्देश्य : स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको कार्यसञ्चालन प्रक्रिया र यी केन्द्रहरूको केन्द्रीय, प्रादेशिक र जिल्लास्तरीय केन्द्रहरूसँगको कार्यगत सम्बन्धबारेमा सहभागीलाई परिचित गराउने	सहजकर्ता
दोस्रो दिन		
९:००-९:१५	बिहानको खाजा	
९:१५-९:३०	पहिलो दिनको पुनरावोलकन	
९:३०-१०:००	सत्र ८: पूर्वचेतावनी प्रणाली सिकाइको उद्देश्य : सहभागीलाई पूर्वचेतावनी प्रणाली विपद् पूर्वतयारीको अभिन्न अङ्ग भएको र यस प्रणालीको मुख्य चरणहरुबारे जानकारी दिने ।	सहजकर्ता
१०:००-११:१५	सत्र ९: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना सिकाईको उद्देश्य: सहभागिहरूलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा प्रयोग गरीएका औजारहरू र यी औजारहरूलाई पालिकाहरूको योजना प्रक्रियामा एकिकृत गर्ने वारे परिचित गराउने	सहजकर्ता
११:१५-११:३०	चियाको समय	
११:३०-१२:१५	सत्र १०: समावेशी विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण सिकाइका उद्देश्य: विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने आवस्यकतामा जोड दीने ।	सहजकर्ता
१२:१५-१२:४५	सत्र ११: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि	

CamScanner

	अन्तरस्थानीय तह सहकार्य **सिकाइको उद्देश्य** : पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई विभिन्न पालिकाले विपद् जोखिम व्यवस्थापनसम्बन्धी गरेका सफल कार्यबाट सिकेर आफ्नो पालिकामा विपद् जोखिम व्यवस्थापनसम्बन्धी सफल मार्गहरू पहिल्याउन सचेतना अभिवृद्धि गर्ने ।	सहजकर्ता
१२:४५-१:३०	खानाको समय	
१:३०-२:००	**सत्र १२: विपद् पूर्वतयारी र प्रतिकार्य योजना** **सिकाईका उद्देश्यहरू** : जनप्रतिनिधि र कर्मचारीहरूलाई, पालिकाहरूका प्रतिकार्य र राहत कार्यमा समन्वयात्मक भूमिका र पूर्ण परीचालित विपद् पूर्व तयारी र प्रतिकार्य योजनाको विकास गर्न, समय सिमा तय गर्नमा सचेतना जगाउने	सहजकर्ता
२:००-२:४५	**सत्र १३: विपद् जोखिम व्यवस्थापनमा मानविय सिद्धान्तहरू, मूलभूत मानविय मापदण्ड, र लैगिक समानता र सामाजिक समावेशीकरण** **सिकाईको उद्देश्य** : विपद् प्रभावित व्यक्तिहरूको मर्यादा सुरक्षा, निष्पक्ष सहायता, उपचार र स्वास्थ्य, पुनर्लाभको हकहरू बारे पालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहहरूलाई सचेत गराउने ।	सहजकर्ता
२:४५-३:३०	**सत्र १४: खुल्ला क्षेत्रहरूको पहिचान र संरक्षण तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन** **सिकाइको उद्देश्य** : विपद्, जलवायु र मानव सिर्जित जोखिमबाट प्रभावित र विस्थापितहरूलाई सुरक्षा र सहायता पुऱ्याउन निकासी मार्ग, खुल्ला क्षेत्र र शिविर समन्वय तथा शिविर व्यवस्थापनबारे सहभागीलाई परिचित गराउने ।	सहजकर्ता
३:३०-४:००	**सत्र १५: जोखिमको वित्तीय व्यवस्था र जोखिम हस्तान्तरण संयन्त्र** **सिकाइको उद्देश्य** : पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाइ (१) जोखिम न्यूनीकरण गर्न विपद् पूर्वतयारीका लागि वैकल्पिक स्रोत जुटाउन र (२) विपद् जोखिमको प्रभाव अल्पीकरणका लागि सार्वजनिक निजी साझेदारी तथा विपद् जोखिम हस्तान्तरणजस्ता वैकल्पिक उपायहरू खोज्न सक्षम बनाउने	सहजकर्ता
४:००-४:३० चियाको समय सहित	**सत्र १६: स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन कार्ययोजनाहरूको मार्गचित्र** **सिकाइको उद्देश्य** : स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, नीति रणनीति र कार्ययोजनाहरू समाविष्ट गरी यी कार्ययोजनाहरूको मार्गचित्रको एउटै दस्तावेज तयार पारी जिम्मेवारीका साथ कार्यान्वयनको प्रतिवद्धतालाई अनुमोदन गर्ने ।	सहजकर्ता
४:३०-४:४५	तालिम पश्चात मूल्याङ्कन प्रश्नावली तथा प्रशिक्षण मूल्याकंन	सहभागी
४:४५-५:००	समापन सत्र तथा नगरपालिका/गाउँपालिकाबाट मन्तवय	सहजकर्ता

CamScanner